प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५-१०
चलानी नं. : २०२

## प्रेश विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले युनाइटेड फाइनान्स लि., प्राइमो सेक्यूरिटिज प्रा.लि. र वीरगंज उद्योग वाणिज्य संघको विशेष सहकार्यमा वीरगंज, पर्सामा मिति २०७४।०८।२५ गते **"लगानीकर्ता साक्षात्कार कार्यक्रम"** आयोजना गरको छ । वीरगंज महानगरपालिकाका नवनिर्वाचित मेयर श्री विजयकुमार सरावगीले प्रमुख अतिथिको आसन ग्रहण गरेका थिए भने सिडिएससिका अध्यक्ष श्री चन्द्र सिंह साउद, चिफ अपरेटिङ्ग अफिसर श्री सुरेन्द्रराज वाग्ले, युनाइटेड फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनन्द ब. श्रेष्ठ र प्राइमो सेक्यूरिटिज प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत मेघनाथ उपाध्याय अतिथिको रुपमा सहभागी भएका थिए । त्यसैगरी शेयर बजारमा लगानी गर्ने सम्बन्धी युनाइटेड फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनन्द ब. श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए भने यस लि. को तर्फबाट कार्यपत्र प्रस्तुत श्री सुरेश न्यौपानेले गरेका थिए ।

राजधानी र देशका केही प्रमुख शहरहरुमा मात्र केन्द्रीत नेपालको पूँजी बजारको पहुँचलाई देशका कुना काप्चामा पुऱ्याउने उद्देश्यले यस लि. विभिन्न प्रविधिमैत्री कार्यहरु गर्दै आएको हुँदा नेपालको पूँजी बजारसंग आवद्ध लगानीकर्ताहरु तथा संभावित लगानीकर्ताहरुलाई यस लि. ले प्रदान गर्ने सेवाहरु र सो बाट हुने लाभहरु, पूँजी बजारको आधुनिकीकरणमा यस लि. को अपरिहार्य भूमिका, धितोपत्र अभौतिकीकरणको फाइदा, लगानीकर्ताहरुको हितका लागि यस लि. ले विकास गरेका नयाँ सफ्टवेयरहरु र यस लि. को संचालन संगै पूँजी बजारमा भएको थप विकास सम्बन्धी प्रकाश पारी सहभागीहरुलाई शिक्षित बनाउनु नै यस कार्यक्रमको मूल उद्देश्य हो । यस कार्यक्रममा लगानीकर्ताहरुको उल्लेखनिय सहभागिता पाइएको थियो ।

यस लि. का अध्यक्ष श्री चन्द्र सिंह साउदले सिडिएससिले धितोपत्र अभौतिकीकरण गर्ने, डिम्याट् खाता खोल्ने लगायतका सेवा प्रदान गर्नका लागि विभिन्न बैंक, फाइनान्स र ब्रोकरहरुलाई निक्षेप सदस्यको सदस्यता प्रदान गरी उक्त संस्थाहरुको शाखाहरुबाट उक्त सेवाहरु प्रदान गरिरहेको व्यहोरा जानकारी गराए । त्यसैगरी नेपाल धितोपत्र बोर्डबाट अनिवार्य गरेका आस्बा प्रणालीमा आवद्ध पक्षहरुलाई थप सहजीकरण प्रदान गर्न तथा थप व्यवस्थित गर्न सिडिएससिले केन्द्रीकृत प्रणाली C-ASBA (Centralized Application for ASBA Based Issuance) नामक सफ्टवेयर विकास गरी केही बैंक तथा वित्तीय संस्थाहरु मार्फत् प्रयोगमा ल्याइसकेको समेत जानकारी दिए । C-ASBA को प्रयोग संगै हाल एक महिना भन्दा बढी समय लागिरहेको निष्काशन तथा बाँडफाँड प्रकृयालाई एक हप्तामा नै समापन गरी लगानीकर्ताको डिम्याट् खातामा बाँडफाँड गर्न सक्ने समेत उहाँले जानकारी दिए । त्यसैगरी आगामी दिनहरुमा यस लि. ले पूँजी बजारको थप विकासको लागि नयाँ प्रविधियुक्त सेवाहरु विकास गर्नेछ भन्ने प्रतिबद्धता समेत उहाँले जाहेर गरे ।

मिति : २०७४।०८।२५

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com